# दक्षिणकाली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं, बागमती प्रदेश, नेपाल

प.सं.:- ०७८/०७९
च.नं.:- ४५५

मिति:- २०७८/०७/१७

विषय :- वडा स्तरीय पूर्वाधार सम्बन्धी आयोजना सञ्चालन सम्बन्धमा ।

श्री वडा कार्यालय (सबै),
दक्षिणकाली नगरपालिका,
काठमाडौं ।

प्रस्तुत विषयमा आ.व.०७८/०७९ मा संचालन हुने वडा बजेट सिलिङ अन्तर्गत छनौट भएका वडास्तरीय पूर्वाधार निर्माण सम्बन्धी आयोजनाहरु संचालनको लागि देहाय बमोजिम गर्नु हुन अनुरोध छ ।

१) सम्बन्धीत लाभग्राहीहरुको उपस्थितिमा उपभोक्ता समितिको गठन मिति २०७८ मंसिर मसान्तभित्र गरी सम्बन्धित वडाबाट नै आयोजना सम्झौता गर्ने ।

२) आयोजना संचालनको लागि तयार गरिएको लागत अनुमान नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने ।

३) आयोजना फागुन मसान्तसम्म सम्पन्न गरी भुक्तानी लिनुपर्ने ।

४) आयोजना सम्पन्न गरिसकेपछि बिल, भर्पाई, मूल्याङ्कन, फोटोहरु, वडाको सिफारिस, सार्वजनिक परिक्षण प्रतिवेदन, उपभोक्ता समितिको कार्य सम्पन्नको निर्णय, आयोजना सूचना पाटीको होडिङ बोर्ड सहितको फोटो, अनुगमन समितिको प्रतिवेदन सहित भुक्तानीको लागि नगरपालिकामा पेश गर्ने ।

५) उपभोक्ता समितिलाई नगरपालिकाको समन्वयमा अभिमुखीकरण तालिम सम्बन्धित वडामा पौष पहिलो हप्ता भित्र गर्ने ।

६) योजना व्यवस्थापनको लागि तयार गरिएको योजना सफ्टवेयरको मात्र प्रयोग गरि योजना सम्बन्धी कार्य गर्ने ।

(तुलसी बहादुर श्रेष्ठ)
प्रमुख प्रशासकीय अधिकृत